*धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक* *जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०*

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

*ग्राहक बन्नु परेमा*
*पत्रिका नियमित नआएमा*
*ठेगना परिवर्तन भएमा वा अन्य*
*कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।*
*९८५११२०८५०*
*भाईवरमा SMS मात्र गर्नुहोस्*
*"हामी यता बाट कल गर्छौं"*

ई- पेपर हेर्नका लागी

वर्ष २०, अङ्क २०७ ◆ २०८० फागुन ३ बिहीबार ◆ Thursday, February 15, 2024 ◆ ने सं ११४४ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## चिनी उद्योगलाई उखु अभाव

नवलपरासी । पश्चिम नवलपरासीका चिनी उद्योगलाई उखु अभाव भएको छ । उखु अभावका कारण नवलपरासी र यस वरपरका चिनी उद्योग पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् ।

पश्चिम नवलपरासीमा उखु उत्पादनमा अपेक्षित वृद्धि हुन नसक्दा चिनी उद्योगले बाहिरी जिल्लाबाट उखु खरिद गरेर क्रसिङ गर्नुपर्ने बाध्यता छ । उत्पादन घटेपछि अन्य जिल्लाबाट उखु ल्याउनुपर्दा लागत बढेको उद्योगीले बताएका छन् । सुनवलस्थित लुम्बिनी चिनी उद्योगले कपिलवस्तु र पूर्वी नवलपरासीबाट उखु ल्याएर क्रसिङ गरिरहेका छन् ।

जिल्लामा पर्याप्त उखु उत्पादन नहुँदा अन्य जिल्लाबाट उखु ल्याउनुपर्ने बाध्यताले उद्योगको लागत खर्च बढेको सुनवलस्थित लुम्बिनी चिनी उद्योगका प्रशासन प्रमुख कुश सुवेदीले जानकारी दिनुभयो । उद्योगले कपिलवस्तुबाट मात्रै यस वर्ष १५ हजार क्विन्टल उखु खरिद गरेको उहाँले बताउनुभयो । यस वर्ष १० लाख क्विन्टलसम्म क्रसिङ गर्ने लक्ष्य लिए पनि उखु अभावका कारण सम्भव नभएको सो उद्योगले जनाएको छ ।

लामो समयसम्म उखु बिक्रीबापतको भुक्तानी नपाउँदा यहाँका किसान विस्तारै वैकल्पिक खेतीतर्फ लागेका छन् । यहाँका चिनी उद्योग पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । जिल्लाका तीन ठूला चिनी उद्योगले उखु अभावका कारण पूरै याममा क्रसिङ गर्न सक्ने अवस्था नरहेको जनाएका छन् । सुस्तास्थित बागमती खाडसारी चिनी उद्योग र प्रतापपुरमा रहेको इन्दिरा सुगर एग्रो इन्डस्ट्रिज प्रालिले पनि उखु अभावका कारण पूर्ण क्षमता अनुसार उखु क्रसिङ गर्न नसकेको जनाएका छन् । जिल्लामा चार चिनी उद्योग सञ्चालनमा छन् ।

# दश मेगावाटसम्मका आयोजनाको पिपिए खुलाउने निर्णय

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुल्ला गर्ने निर्णय गरेको छ ।

गत माघ २४ मा बसेको प्राधिकरण सञ्चालक समितिको ९६३औं बैठकले १० मेगावाटसम्मका नदी प्रवाही (आरओआर) र अर्धजलाशययुक्त (पिआरओआर) जलविद्युत् आयोजनासँग पिपिए खुलाउने निर्णय गरेको हो ।

दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् 'लेउ या तिर' (टेक अर पे) प्रावधानका आधारमा खरिद गरिने प्राधिकरणले जनाएको छ । आयोजनाको विद्युत् सुक्खायाम (मङ्सिर १५ देखि जेठ १५ सम्म) आठ रुपैयाँ ४० पैसा र वर्षायाम (जेठ १६ देखि मङ्सिर १५ सम्म) का लागि चार रुपैयाँ ८० पैसामा खरिद गरिनेछ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले दश मेगावाटसम्मका आयोजनामा उत्पादन समिश्रण (जेनेरेसन मिक्स) का आधारमा तय गरिएको पिपिए सीमा (कोटा) लागू नहुने व्यवस्था गरिएको बताउनुभयो । स्थानीय प्राकृतिक स्रोतको अधिकतम प्रयोग र स्वदेशी साना लगानीकर्ताको लगानीलाई जलविद्युत् क्षेत्रमा प्रोत्साहन गर्न यस्तो निर्णय गरिएको उहाँले जानकारी दिनुभयो ।

"कोटाका कारण दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए हुन सकिरहेको थिएन । अब दश मेगावाटसम्मका आयोजनालाई उक्त कोटा लागू नहुने भएकाले जहिले र जति क्षमताको भए पनि पिपिए गर्न सकिन्छ । यसले स्वदेशी साना लगानीकर्तालाई प्रोत्साहन गर्ने छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "अब ग्रिड आवद्ध सम्झौता (ग्रीड कनेक्सन एग्रिमेन्ट) भएका र हुने दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए जति र जहिलेपनि गर्ने छौँ ।"

हालसम्म दश मेगावाटसम्मका ८९ आयोजनाले पिपिएका लागि प्राधिकरणमा निवेदन दिएका छन् । आयोजनाको क्षमता तीन सय ५१ मेगावाट छ । त्यसमध्ये, एक सय ९५ मेगावाटका ४४ आयोजनासँग ग्रिड आवद्ध सम्झौता सम्पन्न भइसकेको छ । आगामी दश वर्षमा उत्पादन गरिने १५ हजार मेगावाटको लक्ष्यलाई आधारमानी विद्युत् प्रणालीमा जलाशययुक्त आयोजनाको २५ प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको ३० प्रतिशत र नदी प्रवाहमा आधारित आयोजनाको ४५ प्रतिशत अंश रहने गरी उत्पादन समिश्रण तय गरिएको थियो । सोही आधारमा पिपिएको सीमा तय गरिएको थियो ।

आरओआर आयोजनाका लागि तय गरिएको अर्थात् छ हजार सात सय ५० मेगावाट सीमा पूरा भइसकेकाले १० मेगावाटसम्मका आयोजनाको समेत पिपिए हुन सकिरहेको थिएन । दश मेगावाटसम्मका अधिकांश आयोजना आरओआर छन् । प्राधिकरणले हालसम्म नौ हजार दुई सय मेगावाटको पिपिए गरिसकेको छ ।

बढेको क्षमताको विद्युत् किन्ने

प्राधिकरण सञ्चालक समितिले पिपिए भइसकेका जलविद्युत् आयोजनाको क्षमतावृद्धि गरिएमा थप हुने विद्युत् खरिद गरिदिने निर्णयसमेत गरेको छ । प्राधिकरणले आयोजनाको जडित क्षमता २५ प्रतिशतसम्म वृद्धि भएमा पिपिएको सीमा लागू नहुने निर्णय गरेको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको डिजाइन परिवर्तनलगायतका कारण जडित क्षमताको २५ प्रतिशतसम्म अभिवृद्धिबाट उत्पादन हुने विद्युत् 'लिउ वा तिर' प्रावधान राखी पिपिए संशोधन गरिने बताउनुभयो ।

"२५ प्रतिशतसम्म क्षमता अभिवृद्धि भएमा 'लिउ वा तिर' र त्यसभन्दा बढी भएमा पुरानै 'लिउ र तिर'को व्यवस्था लागू हुन्छ । हाल गरिएको व्यवस्थाले आयोजनाको क्षमता अभिवृद्धि हुनुका साथै आयोजनालाई लगानी जुटाउनसमेत थप सहज बनाउने छ", घिसिङले भन्नुभयो ।

सौर्य ऊर्जाको सीमा बढ्यो


त्यस्तै, प्राधिकरणले सौर्य जलविद्युत् आयोजनासँग गरिने पिपिएको सीमासमेत बढाएको छ । प्राधिकरणले सौर्य आयोजनाहरुको पिपिए प्रतिस्पर्धाबाट गर्दै आएको छ ।

प्राधिकरणले हाल कायम रहेको जडित क्षमता र पिपिए भइसकेका आयोजनाहरुलाईसमेत समावेश गर्दा हुने राष्ट्रिय ग्रिडको कुल क्षमताको १० प्रतिशतसम्मको सीमामा रहेर प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जाको पिपिए गर्ने छ । यसअघि राष्ट्रिय ग्रिडको जडित क्षमताको १० प्रतिशतसम्ममा सीमामा रहेर सौर्य आयोजनाहरुको पिपिए हुँदै आएको थियो ।

सौर्य आयोजनाको विद्युत् प्रतिश्पर्धाबाट खरिद गर्न प्रति युनिट पाँच रुपैयाँ ९४ पैसा अधिकतम आधार दर तय गरिएको छ । प्रतिस्पर्धामा उक्त दरभन्दा जसले कम कबोल गर्छ त्यही आयोजनासँग पिपिए गरिने प्राधिकरणले जनाएको छ ।

छिटो, छरितो र सर्वशुलभ छपाईको लागि एकमात्र विकल्प

शुलभ प्रेस

यहाँ डेस्कटप सम्बन्धि सम्पूर्ण कामहरुका साथै फोटोकपी, छपाई, विवाह कार्ड, भिजिटिङ कार्ड, बिल, भौचर , लेटरप्याड , प्रमाण पत्र, सम्मान-पत्र, सरकारी कार्यालय, संघसंस्था, पत्रपत्रिका, प्रचार प्रशारका सामाग्री तथा फोटो सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

नीलकण्ठ नगरपालिका-३, सुगमटोल धादिङबेशी

सम्पर्क नम्बर :-९८५१२२०८६०,०१०-५२१४३०,०१०-५९०४३०

## गरिब भएकै कारणले स्वास्थ्य सेवाबाट वञ्चित हुनु नपर्ने

काठमाडौ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले नेपाली नागरिक गरिब भएकै कारणले स्वास्थ्य सेवाबाट वञ्चित हुन नपर्ने बताउनुभएको छ । गरिब विपन्नको परिचयपत्र नभएसम्मका लागि वडाको सिफारिसमा निःशुल्क उपचार हुने व्यवस्था गरिएको उहाँले उल्लेख गर्नुभयो ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, कुपण्डोल परिसरमा नवनिर्मित 'सेवा विस्तार तथा अध्ययन अनुसन्धान भवन'को उद्घाटन गर्दै मन्त्री बस्नेतले स्वास्थ्य सेवा नागरिकको संविधान प्रदत्त अधिकार भएको उल्लेख गर्नुभयो । "शिक्षा र स्वास्थ्य संविधानमा मौलिक हकको रुपमा स्थापित भइसकेको छ", मन्त्री बस्नेतले भन्नुभयो, "सो मौलिक हक कार्यान्वयन गर्न सरकार लागिपरेको छ ।" स्थानीय, प्रादेशिक र सङ्घीय सरकारको समन्वयमा चार प्रदेशमा प्रादेशिक अस्पतालमा 'जनरलवार्ड' सबै निःशुल्क गरिएको उहाँले बताउनुभयो ।

अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले ४० श्ययाबाट सुरु भएको अस्पतालले अहिले चार सय ८९ शैयाबाट सेवा प्रवाह गरिरहेको जानकारी दिनुभयो । उहाँले गरिबीको रेखामुनि रहेका नागरिकको स्वास्थ्य उपचारमा सहज पहुँचका लागि स्वास्थ्य मन्त्रालयको सहयोगमा 'जनरलवार्ड'मा निःशुल्क उपचारको व्यवस्था गरिएको बताउनुभयो ।

## एमालेले सचिवहरुलाई बुझायो ज्ञापनपत्र

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले 'झुलाघाट-चुवा भञ्ज्याङ' अभियानका क्रममा सङ्कलित नागरिकका समस्या तथा सुझाव समेटिएको ज्ञापनपत्र मुख्यसचिव र विभिन्न मन्त्रालयका सचिवलाई बुझाएको छ ।

एमाले उपाध्यक्ष विष्णु पौडेल र सो पार्टीका मुख्य सचेतक पदम गिरीले आज नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्याललगायत विभिन्न मन्त्रालयका सचिवलाई ज्ञापनपत्र बुझाउनुभयो ।

एमालेले गत मङ्सिर १४ गतेदेखि पुस १ गतेसम्म बैतडीको झुलाघाटदेखि मेचीको चुवा भञ्ज्याङसम्मको मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान सञ्चालन गरेको थियो ।

सो अवसरमा प्राप्त नागरिकका समस्या र सुझाव समेटिएको दस्तावेज बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित कार्यक्रममार्फत सरकारका सचिवहरुलाई बुझाइएको हो । सो अवसरमा उपाध्यक्ष पौडेलले मध्यपहाडी क्षेत्रमा पछिल्लो समय बसाइँसराइको गति तीव्र भएको, खेतीयोग्य जमिन बाँझो हुँदै गएको, घरहरु खण्डहरु बन्दै गइरहेको भन्दै बसाइँसराइ कम गर्न अध्ययन गरी काम अगाडि बढाउन आग्रह गर्नुभयो ।

उपाध्यक्ष पौडेलले मध्यपहाडी लोकमार्गलगायत विभिन्न राजमार्गको काम अगाडि बढाउन र पहाडी क्षेत्रमा गर्न सकिने विकासका काम सरकारले यथाशीघ्र अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । "पहाडी क्षेत्रमा बसाइँ सर्नेक्रम तीव्र छ, बसाइँसराइले पहाड रित्तिँदै छ, बसाइँसराइ रोक्न के गर्न सकिन्छ त्यसतर्फ सम्बन्धित मन्त्रालयको ध्यान जाओस्", उहाँले भन्नुभयो । ज्ञापनपत्र दराजमा मात्रै नथन्क्याउन र प्राप्त सुझावका आधारमा नागरिकका समस्या सम्बोधन गर्न उहाँले आग्रह गर्नुभयो । सुझावअनुसार कार्यान्वयन गरिने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "ज्ञापनपत्र दराजमा थन्क्याइने छैन, कुन मन्त्रालयबाट के गर्न सकिन्छ त्यो विषयमा छलफल गरी कार्यान्वयन प्रक्रियामा जानेछौं ।"

## सम्पादकीय ....

### आकर्षित बन्ला त नेपालमा लगानी

सरकार तेस्रो लगानी सम्मेलनको तयारीमा जुटेको छ ।

स्वदेशी, विदेशी लगानीकर्तालाई नेपालका आयोजनामा लगानी आह्वान गर्न आउँदो वैशाख ९ र १० गते काठमाडौंमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन गर्ने मिति तय भएको छ । अबको पाँच महिनामा सम्मेलन गर्ने सोच सरकारले बनाइरहँदा त्यसको पूर्वतयारीका काम कति चुस्त हुन्छन् र सोचेअनुरुप उपलब्धि हासिल होला ? भन्नेमा चासो र आशङ्का देखिएको छ ।

लगानी सम्मेलनको मिति घोषणासँगै उठेको अर्को महत्त्वपूर्ण प्रश्न हो, 'दशकौंसम्म सुध्रिन नसकेका वा बन्न नसकेका के कुरा अबको पाँच महिनामा सरकारले सुधार्छ वा बनाउँछ र लगानी आउँछ ?'

लगानी सम्मेलनमा नेपालले के लिएर जाँदैछ ? लगानी आकर्षित गर्न चाहिने नीतिगत र कानुनी सहजता, सहज सेवाप्रवाहमार्फत आन्तरिक वातावरण निर्माण, झन्झटमुक्त प्रशासनिक र कर संरचना, बजार सुनिश्चिततासहित लगानी प्रतिफलको प्रत्याभूति, 'सोकेस'मा राखिने आयोजनाको पूर्वतयारीलगायत विषयलाई सरकारले कसरी सम्बोधन गर्छ र लगानीकर्तालाई विश्वस्त तुल्याउँछ भन्नेमा प्रश्न देखिएको छ ।

लगानी सम्मेलनका लागि तयार पारिएको निर्देशक समितिका संयोजकसमेत रहनुभएका अर्थमन्त्री डा. प्रकाशशरण महत भन्नुहुन्छ, "यसपटक सम्मेलनकै लागि सम्मेलन हुँदैन र यो औपचारिकताका लागि मात्रै होइन । सरकारको सम्पूर्ण प्रयास यसलाई सफल बनाउनेमा केन्द्रित हुन्छ । विदेशस्थित नेपाली दूतावास, गैरआवासिय नेपाली, निजी क्षेत्रलगायत सबै संयन्त्र परिचालन हुन्छन् ।

लगानीकर्ता प्रतिफलको अपेक्षासहित आउने भएकाले त्यसको प्रत्याभूति सरकारले गराई दिनुपर्नेछ । "अहिलेको अवस्थामा लगानी ल्याउन आवश्यक हो । त्यसका लागि स्पष्ट दृष्टिकोणसहितको सुधार आवश्यक छ । राजनीतिक, कानूनी, सामाजिक रुपमा लगानीमैत्री नीति राज्यले निर्माण गर्नुपर्छ", हुन्छ । नेपालको लगानीको वातावरण, कर्मचारी संयन्त्रले काम गर्ने शैली, कानुनी सहजता, पूँजी परिचालन र बजार व्यवस्थापनलगायत विषय हेर्छन् ।" लगानीका लागि नीतिगत र संरचनागत समस्या पहिचान गरी सम्बोधन नगरेसम्म लगानीकर्ता आकर्षित नहुन पनि सक्छ यसतर्फ पनि ध्यान दिन जरुरी छ ।

लगानीकर्ताले हेर्ने अर्को महत्वपूर्ण विषय भनेको आफ्ना वस्तु तथा सेवाको सम्भाव्य बजार हो । दुई ठूला छिमेकी देश भारत तथा चीनको बजारसँग नेपालका उत्पादनले प्रतिस्पर्धा गर्नसक्ने अवस्था अहिले छैन ।

"लगानीका लागि भू-अर्थनीति पनि हेरिन्छ । दुई ठूला बजार भारत र चीनमा हामी छौं । तिनीहरुको मूल्य शृङ्खलासँग जोडिने गरी विशेष प्रावधान हामीले गर्नुपर्छ", "हामी वस्तु आयात गर्ने र श्रम निर्यात गर्ने अर्थतन्त्रमा गएका छौं । नेपालको मात्रै बजार हेरेर ठूला लगानीकर्ता आउँदैनन् ।


### पाठक वर्गमा अनुरोध !

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक**" तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सहिदलाई सम्मान गरौं : राजनीति नगरौं



*प्रा डा तीर्थप्रसाद मिश्र*

काठमाडौं । विश्वमा आफ्नो देशका बहुसंख्यक जनताको स्वार्थको अगाडि लामो सङ्घर्ष गर्दागर्दै उद्देश्य प्राप्तिका लागि आफ्नो जीवन नै उत्सर्ग गर्ने, जीवन आहुति दिने वा मृत्युवरण गर्ने व्यक्तिलाई सम्मान गर्न सहिद घोषणा गर्ने प्रचलन छ । सहिदले देखाएको मार्गमा लागिरहन तथा ती महामानवहरूको बलिदानको गाथा भावी पुस्तालाई जानकारी गराउन सहिद दिवस मनाउने प्रचलन संसारभरि नै चलेको देखिन्छ । मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र आत्मसम्मानका लागि अनवरत र अथकित सङ्घर्ष गर्ने क्रममा तत्कालीन शासकबाट मृत्युदण्ड पाएकाहरुलाई पनि सम्बन्धित व्यक्तिको योगदानको स्मरण गर्न सहिद घोषणा गर्ने परम्परा चलेको हो ।

अब नेपालको सन्दर्भतिर लागौं । नेपालमा सहिद घोषणाको इतिहासलाई हेर्दा जहानियाँ राणा शासनका विरुद्धमा लागेको आरोपमा जीवन उत्सर्ग गर्ने सपूतहरूलाई सहिद भन्ने गरिएको देखिन्छ । विसं २००७ को परिवर्तनपश्चात् १९९७ सालको प्रजापरिषद्को काण्डमा मृत्युदण्ड पाएका धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ तथा शुक्रराज शास्त्री गरी चार जनालाई सहिदको घोषणा भयो । यसैगरी २००७ सालको आन्दोलनको क्रममा मृत्यु भएका थिरबम मल्ल र २००८ सालमा दिल्ली सम्झौताको विरुद्धमा भएको आन्दोलनमा विश्व निकेतन स्कुलका १४ वर्षीय छात्र चिनियाकाजी श्रेष्ठलाई गोली लागी मृत्यु भएकामा उनीहरुलाई पनि सहिदको सम्मान दिइयो ।

विसं २०४६ को आन्दोलन सफल भएपछि राजा महेन्द्रको २०१७ सालको काण्डको विरोधमा प्राणदण्ड पाएका र पञ्चायतको विरोधमा लागेकाको आरोपमा जीवन उत्सर्ग गरेकालाई सहिदको सम्मान दिइयो । यसमा जगतप्रकाशजङ्ग शाह, लालध्वज गुरुङ, दुर्गानन्द झा, तेजबहादुर अमात्य, सरोजप्रसाद कोइराला, भीमदत्त पन्त, रत्नकुमार बान्तवा, वीरेन्द्र राजवंशी, भीमनारायण श्रेष्ठ तथा यज्ञबहादुर बस्नेत आदिलाई सहिदको सम्मान दिइएको थियो । यसैगरी राणाविरोधी आन्दोलनमा मृत्युदण्ड पाएका लखन थापा तथा बाँकावीरलाई पनि सहिद घोषणा गरियो । यसैगरी २०४६ को आन्दोलनमा सहादत प्राप्त गर्ने १९ जनालाई सहिदको सम्मान प्रदान गरियो । २०६२/६३ को आन्दोलनपश्चात् सहिद घोषणा र सम्मान कार्यमा निकै ठूलो भेल आएको देखिन्छ ।

विसं २०६५ पुस ९ गते छ हजार २४४ जना २०६७ असार ९ गते एक हजार ६१९ जना तथा २०७४ माघ ३ गते १९० जना व्यक्तिले सहिदको सम्मान पाए । यसैगरी पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलामा आठ हजार पाँच जनालाई सहिदको सम्मान दिएकामा २००० जनाको त नामथर नै नखुलेको टिप्पणी पनि भयो । यसैगरी माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेलामा चार हजार र मधेश आन्दोलनमा मारिएका ५२ जनालाई सहिद घोषणा गरियो । माओवादी द्वन्द्वको क्रममा मारिएका (सरकारी र विद्रोही दुवै पक्षका) सबैलाई सहिद घोषणा गरियो ।

प्रत्येक राजनीतक र अन्य निर्दिष्ट उद्देश्य प्राप्तिका लागि भएको आन्दोलनमा मृत्यु भएकाहरुलाई रु १० लाखसहित सहिद घोषणा गर्ने कार्य बडो उदारतापूर्वक हुँदै गइरहेको छ । यसै क्रममा पछिल्लो पटक कोरिया भाषा परीक्षा लिने विषयमा भएको आन्दोलनमा प्रहरीको गोली लागि मारिएका दुर्ईजनालाई पनि रु १० लाखसहित सरकारले सहिद घोषणा गऱ्यो । नेपालको हालसम्मको सहिदको तथ्याङ्क सङ्कलन गर्न पनि अनुसन्धानकै खाँचो पर्ने देखिन्छ । सातौं शताब्दीमा नेपाल आएका चिनिया यात्री हु यन साङले नेपालमा कृषकभन्दा व्यापारी बढी भएको र उन्नाइसौं शताब्दीमा नेपाल आएका अङ्ग्रेज दूत कर्क प्याट्रिकले काठमाडौंमा घरभन्दा मन्दिर बढी र मानिसभन्दा मूर्ति बढी भएको टिप्पणी गरेको सन्दर्भमा एक्काइसौं शताब्दीमा नेपाल सहिदै सहिदको देश भनेर पहिचान नहोला भन्न नसकिने अवस्था छ ।

नेपाल सरकार सहिदको स्थापित मर्म, मान्यता, आदर्श र सन्देश बुझेर पनि त्यसलाई अवमूल्यन गर्ने कार्यतर्फ अग्रसर भएको छ । राजनैतिक पार्टीमा शिर्ष नेताहरु आफ्ना कार्यकर्तालाई प्रसन्न गराउन र जनताबाट शुभेक्षा प्राप्त गर्न सहिद घोषणा गरी १० लाख रुपैयाँ उपलब्ध गराउन कसरत गरिरहेका छन् । वस्तुनिष्ठ मापदण्डका आधारमा घोषणा गर्नुपर्नेमा समर्थकलाई सहिद घोषणा गर्न नेपाल बन्द, चक्काजाम, अनशन, धर्ना जस्ता संयन्त्र अवलम्बन गरिएको देखिन्छ । दुर्घटनामा परेकालाई समेत सहिद घोषणा गर्ने माग आएका दृष्टान्त पनि देख्न पाइन्छ । सहिदकै फोटो बोकेर मत माग्ने गरेको दृश्य पनि यहाँ देख्न पाइन्छ । सहिद मुलुकका गहना हुन् कुनै पार्टीका पेवा होइनन् भन्ने हेक्का राख्नुपर्ने तथ्यमा ध्यानै गएको देखिँदैन । यस प्रकार सहिद घोषणा गर्दा राजनैतिक आग्रह एवं तुष्टीकरणको नीति लिंदा सहिदको मर्म, मान्यता तथा सन्देशकै खिल्ली उडेको छ ।

सहिद कसलाई भन्ने हो त ? त्यसतर्फ विचार गरौं । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा सहितको अर्थ आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति भन्ने दिइएको छ । यस अर्थमा नेपालको इतिहासमा विभिन्न महामानवहरूले देशको अस्तित्व, अस्मिता, स्वाभिमान र स्वतन्त्रता प्राप्त गर्ने सङ्घर्षमा ज्यान गुमाएका छन् । राष्ट्रपति बफादार र कर्तव्यनिष्ठ हुँदाहुँदै पनि प्राणदण्ड पाएका थुप्रै घटना छन् । ती सबै श्रद्धेय सपूत सहिद नै हुन् । इतिहासको विभिन्न कालखण्डमा यस्ता पात्र धेरै भए । भोटमा विशेष सुविधा दिलाई कान्तिपुर र कालान्तरमा नेपालकै श्रीवृद्धि गर्ने काजी भीम मल्ल काटिए ।

यसैगरी गोरखाको सैनिक परिचालनको क्रममा मारिएका जयन्त राना तथा कालु पाण्डे, षड्यन्त्रकारी राजनीतिको चपेटामा परी हत्या गरिएका देशभक्त सर्वजित राना, दामोदर पाण्डे तथा माथवरसिंह थापा जस्ता हस्तीहरूले सहिदको सम्मान पाउने कि नपाउने ? राणा शासनकै विरुद्ध लागेका लखन थापा र बाँकावीरलाई सहिद घोषणा गर्दा अमरविक्रम शाह सिजापति काण्डमा परेका तथा सुब्बा कृष्णलाल अधिकारी जस्ता सपूतप्रति अन्याय भएन र ? भन्ने प्रश्न उठेको छ । यसतर्फ ध्यान दिने बेला आएको छ ।

नेपालका सन्दर्भमा सहिदको वस्तुनिष्ठ मूल्याङ्कन गरी आवश्यक मापदण्ड निर्धारण गर्न गठित प्रश्रित र सुवेदी आयोगले पनि भने जस्तो कार्य गर्न सकेनन् । राजनैतिक तुष्टीकरणको नीति लिंदा सहिदकै मानमर्दन भइरहेको प्रशस्त टिकाटिप्पणी र चर्चापरिचर्चा हुँदा पनि यस विषयमा मुलुकले पर्याप्त ध्यान दिएर भविष्य उन्मुख योजना बनाउन सकेको छैन । नेपालको पहिलो सहिद को हो ? भन्ने विवाद पनि चर्किएको छ । प्रथम सहिद लखन थापा भन्ने गरिएकामा पूर्वप्रधानमन्त्री केपी ओलीले एक कार्यक्रममा बाँकावीर नै पहिलो सहिद भएको उद्घोष गर्नु भएको थियो ।

सहिद गेटमा चार सहिद र अग्रभागमा त्रिभुवनको सालिक राखिएको छ । तिनै राजा त्रिभुवनको आदेश (हुन त राणा प्रधानमन्त्री जुद्धशमशेरको अगाडि उनको केही चल्दैनथ्यो ।)बाट ती चारजनाले मृत्युदण्ड पाएको तथ्य पनि बिर्सन हुँदैन । अतः यस विषयमा पनि बेलाबेलामा चर्चा चलेकै छ । हेटौंडामा नगरपालिकाले एउटै ढुङ्गामा १२ सहिदको आकृति कुदाएर राखेको छ । त्यसमा जगतप्रकाशजङ्ग शाह तथा भीमनारायण श्रेष्ठ किन परेनन् भन्ने कुरामा सहिद परिवारकै असन्तुष्टि प्रकट भएको छ । यसैगरी सहिदलाई मरणोपरान्त विभूषण प्रदान गर्दा सहिद भीमनारायणको परिवारले बहिष्कार गरेको घटना पनि ताजै छ ।

विसं २०६२/६३ को आन्दोलनपश्चात् द्वन्द्वका क्रममा मारिएका असङ्ख्यलाई सहिद घोषणा गराउने घटनाप्रति आपत्ति जनाउँदै सहिद परिवारकै १२ जना सदस्यले सहिदलाई अपमान गरेकामा सामूहिक आत्मदाह गर्ने चेतावनी दिएका थिए । जिउँदो सहिद भनेर टङ्कप्रसाद आचार्य र मुकेश कायस्थलाई भन्ने गरिँदा यस्तै खड्गमान सिंह जस्ता किन परेनन् ? भन्ने कौतुहल पनि जागेको छ । सहिद परिवारबाटै आएको सहिदको सम्मान भएन भन्ने आवाजलाई पनि सुन्नै पर्छ कि ?

सहिदको सम्मान घोषणा गर्दा राजनैतिक आग्रह राखिनु उपयुक्त हुँदैन । आन्दोलनकारीलाई खुसी बनाउन रु १० लाख दिइ सहिद घोषणा गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । सहिद मुलुकै गहना हुन्, प्रतिष्ठा हुन् र भविष्यमा सन्ततिका मार्गदर्शक हुन् भन्ने कुरा मनन गर्नै पर्दछ ।

अब सहिदको अवधारणा र स्थापित मान्यताको आधारमा उचित मापदण्ड निर्धारण गरिनुपर्दछ । नेपालको ऐतिहासिक कालखण्डमा देखिएका मुलुकको उन्नति स्वाभिमान र स्वतन्त्रताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नेहरुको कार्य र योगदानको आधारमा भविष्य उन्मुख योजना बनाउनु जरुरी छ ।

यस्तो कार्यमा सरकारले तुष्टीकरणको नीतिबाट पृथक् भई कर्मकाण्डी आयोग वा अध्ययन दल बनाउनु किमार्थ हुँदैन । समाजका सम्बद्ध सबै पक्षसँग राय सल्लाह लिने गरी एउटा उच्चस्तरीय आयोग बनाउनु बाञ्छनीय देखिन्छ । यसरी कार्यविधि बनाई उचित ढङ्गले सहिदको वर्गीकरण हुँदा सबैको यथायोग्य सम्मान हुँदो हो ।

नेपालमा माघ १६ गते सहिद दिवस मनाउने प्रचलन २०१२ सालबाट प्रारम्भ भएको हो । तर, प्रदेश सरकारले भने हाल आआफ्नै अनुकूल सहिद दिवस मनाउँदै आएका छन् । कर्णाली प्रदेशले भदौ ४ गते सहिद दिवस मनाउने गरेको पाइन्छ । सहिद दिवस औपचारिक कार्यक्रम गर्नेमा मात्र सीमित नरहोस् । सहिदको बलिदान स्मरण गर्दै उनीहरूले देखाएको मार्गमा अग्रसर हुनु नै ती महान् आत्माप्रति गरिने सच्चा सम्मान हो । सम्पूर्ण ज्ञातअज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जलि !

## हिउँ नपर्दा सोलुखुम्बु सोलुखुम्बुजस्तो छैन

सुवास दर्नाल । सल्लेरी (सोलुखुम्बु), २ फागुन : सोलुखुम्बु सल्लेरीका शङ्करबहादुर गुरुङले भन्नुभयो, "फागुन लाग्यो, दिन तातिन थालिसक्यो तर यस वर्ष न हिउँ पर्न सक्यो न त पानी नै ! के अचम्म हो यो, होइन के हुनलाई यस्तो भएको हो ?" उमेरले ७२ वर्ष पार गरिसक्नुभएका उहाँ मौसममा यस प्रकारको फेरबदल पहिलोपटक अनुभव गरेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, " हिउँ नपर्दा सोलुखुम्बु सोलुखुम्बुजस्तो छैन, यहाँको सबैभन्दा सुन्दर चिज भनेकै सेताम्मे डाँडापाखा र हिमाल हो, खै अब त सबै उराठलाग्दो भएको छ, यहीं सल्लेरी पनि अब त मरुभूमिजस्तो हुन लागिसक्यो ।" हिमाली जिल्ला सोलुखुम्बुमा यस वर्ष हिमपात हुनसकेको छैन ।

सधैं मङ्सिरको सुरुआतसँगै हिमपात हुने जिल्लामा यस वर्ष फागुन लागिसक्दा समेत वर्षात् तथा हिमपातको सम्भावना देखिँदैन । मौसम खुल्दै गएको छ भने तापक्रमसमेत वृद्धि हुँदै गएको हावापानी मापन केन्द्र सल्लेरीले जनाएको छ । कार्यालयका कर्मचारी नवराज पराजुलीका अनुसार सल्लेरीको तापक्रम अहिले सात डिग्री सेल्सियससम्म पुग्न थालेको छ । पछिल्लो पाँच दिनदेखि यहाँको तापक्रम क्रमशः उकालो लाग्न थालेको उहाँले बताउनुभयो । यस वर्षको हिउँदमा सोलुखुम्बुमा बितेका वर्षहरूमा भैं चिसोको महसुस नभएको स्थानीय बताउँछन् । करिब चार वर्ष अघिसम्म पुस-माघमा अधिक चिसो हुने गरेकामा यस वर्षको त्यति धेरै चिसो नभएको गार्माका ल्हाक्पा शेर्पाको अनुभव छ । उहाँले भन्नुभयो, "मलाई थाहा हुँदासम्म पनि पुस-माघमा पूरै हिउँ पर्ने भएकाले असाध्यै चिसो हुन्थ्यो, हिउँ पग्लिन तीन-चार दिन समय लाग्थ्यो तर अहिले त्यस्तो छैन, चिसो भए पनि खासै पहिलाको जस्तो धेरै चिसो आभास नै भएन यो वर्ष ।" हिमपात नहुँदा सल्लेरीबाट देखिने डाँडा तथा हिमाल मरुभूमिजस्ता हुँदै गएका छन् भने मौसमले समेत तराईको झल्को दिन लागेको तामाखानीका शान्तमाया घिमिरेले बताउनुभयो ।

हिमपात र वर्षात्को प्रतिक्षामा रहेका यहाँका किसान निराश बन्दै गएका छन् । मङ्सिर-पुसमा हिमपात नभए पनि माघमा पक्कै हिमपात तथा वर्षात् हुन्छ भन्ने आशामा बसेका जिल्लाका किसान फागुन लाग्दासमेत हिमपातको सम्भावना नदेखिँदा उनीहरूमा निराशा छाएको हो । फागुन लागेपछि मौसम तातिन थालेकाले अब हिउँ र पानी पर्ने आश मर्दै गएको बेनीका डम्बरबहादुर विश्वकर्माले बताउनुभयो ।

लेकाली भोगमा लगाउने गहुँ, आलु, जौं, उवाजस्ता बाली यस वर्ष सङ्कटमा परेको किसान बताउँछन् । साथै जिल्लाको पश्चिमी भेगमा उत्पादन हुने अलैंचीसमेत खडेरीको चपेटामा परेको लिखुपिकेका किसान लिखुपिके गाउँपालिका-४ का प्रेमकुमार बस्नेतको भनाइ छ । अलैंचीको बोटलाई ओसिलो ठाउँ आवश्यक पर्ने भए पनि खडेरीले रुखका छहारीसमेत सुक्खा हुँदा अलैंची मर्न थालेको उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ । जिल्लाको लिखुपिके, सोताङ, महाकुलुङ, माप्यदूधकोशी र नेचासल्यान क्षेत्रमा अलैंचीखेती हुँदै आएको छ ।

# गुणस्तरीय शिक्षाको विकासमा केन्द्रित हुन राष्ट्रपति पौडेलको आह्वान

पाँचथर । राष्ट्रपति रामचन्द्र पौडेलले अबको शिक्षा प्रणाली गुणस्तरीय शिक्षाको विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिँदै त्यस निम्ति सम्बद्ध पक्षलाई इमानदारीपूर्वक काम गर्न आह्वान गर्नुभएको छ ।

पाँचथरको फिदिमस्थित पाँचथर बहुमुखी क्याम्पसले आर्थिक रूपमा आफूलाई सबल तुल्याउन अक्षयकोष स्थापना गर्ने उद्देश्यले आयोजना गरेको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको उद्घाटन गर्दै राष्ट्रपति पौडेलले अन्तर्राष्ट्रियस्तरको शिक्षा आजको आवश्यकता हो भन्नुभयो ।

"हरेक व्यक्तिलाई व्यावसायिक, स्वावलम्बी र आत्मनिर्भर बनाउने शिक्षा आजको आवश्यकता हो । मुलुकको सर्वाङ्गिण विकासका निम्ति अध्ययन-अध्यापन प्रणालीमा सुधार अपरिहार्य छ," आधुनिक शिक्षाका माध्यमबाट राष्ट्रलाई सबल बनाउनुपर्नेमा जोड दिँदै राष्ट्रपतिले भन्नुभयो । सूचना प्रविधि, विश्वव्यापीकरण र आधुनिकताले ओतप्रोत भएको वर्तमान विश्वपरिवेशअनुसारको शिक्षा नीति र पाठ्यक्रमको विकासमा उहाँले जोड दिनुभयो ।

"प्रविधियुक्त प्रतिस्पर्धी तथा गुणस्तरीय पठनपाठन पद्धतिको विकास गरी राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय गुणस्तर अनुरुपको शिक्षा विकास गर्नेतर्फ अबका हाम्रा कदम केन्द्रित हुनुपर्छ", राष्ट्रपति पौडेलले भन्नुभयो । उहाँले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न जरुरी भएकाले श्रमको सम्मान गर्ने शिक्षाको विकासमा लाग्न आह्वान गर्नुभयो ।

राष्ट्रपति पौडेलले राष्ट्रका प्राकृतिक सम्पदाको अधिकतम सदुपयोग गरी कृषिको विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले जलवायु परिवर्तनका प्रभावबारे गम्भीर हुन आग्रह गर्नुभयो । साथै उहाँले स्वदेशमा पौरख गर्न युवा पुस्तालाई अनुरोध गर्नुभयो ।

राष्ट्रपति पौडेलले समृद्धिका आधार कृषिको आधुनिकीकरण, पर्यटन क्षेत्रको विकास र ऊर्जा उत्पादन भएकाले यी क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले पूर्वीय ज्ञान, परम्परा र सभ्यताको केन्द्र नेपाल भएकाले सबैतिर ज्ञानको ज्योति फैलाउन आवश्यक छ भन्नुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले बहुलता र एकतालाई अङ्गिकार गरेको बताउँदै राष्ट्रपति पौडेलले सबल, समावेशी र उन्नत राष्ट्र निर्माण सबैको साझा दायित्व भएको बताउनुभयो ।

पाँचथर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख खेमनाथ खतिवडाले घट्दो विद्यार्थी सङ्ख्या र स्रोत साधनको सीमिततालाई ध्यानमा राखेर क्याम्पस सञ्चालनका लागि दिगो अक्षयकोष स्थापना गर्ने उद्देश्यका साथ महायज्ञ आयोजना गरिएको बताउनुभयो ।

महायज्ञमा भागवत कथा वाचक दीनबन्धु पोखरेल, बौद्ध गुरु खेन्पो फुर्तेम्बा शेर्पा र मुन्धुमका प्रवचनकर्ता चन्द्रकुमार शेर्माले प्रवचन दिनुहुनेछ । हालसम्म १५ हजार विद्यार्थीले उक्त क्याम्पसमा अध्ययन गरिसकेका छन् ।

# बिग्रँदै गएको मौसममा आजदेखी क्रमिक सुधार हुने

काठमाडौँ । पश्चिमी वायुको प्रभावले आज देशभर आंशिकदेखि सामान्य बदली रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् राजु प्रधानाङ्गका अनुसार आजदेखि मौसममा क्रमिक सुधार हुँदै जानेछ । अहिले सुदूरपश्चिम र कर्णाली प्रदेशको आकाश खुलिसकेको उहाँले जानकारी दिनुभयो ।

उक्त मौसमी प्रणाली देशको पश्चिम भेगबाट क्रमशः पूर्वीभेगतिर सरिरहेकाले गए रातिदेखी नै मौसममा सुधार आउने मौसमविद् प्रधानाङ्गले जानकारी दिनुभयो । अहिले सङ्घीय राजधानी काठमाडौँसहित देशका अधिकांश भागमा मौसम बदली रहेको छ । उहाँका अनुसार मधेश प्रदेशका एक/दुई स्थान तथा काठमाडौँका केही स्थानमा छिटफुट वर्षा भएको छ ।

गए रातिको समयमा कोशी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको जनाइएको थियो । कोशी, बागमती र गण्डकी प्रदेशका उच्चपहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको महाशाखाले पूर्वानुमान गरेको छ । अहिले काठमाडौँको अधिकतम तापक्रम १६ डिग्रि सेल्सियस रहेको छ ।

# घट्दै ठेकाठेकीको माग

लमजुङ । लमजुङको दोर्दी गाउँपालिका-८ खिन्चोक बेँसीका ३५ वर्षीय राजेन्द्र विकलाई परम्परागत काठका ठेकी व्यवसायबाट जीविकोपार्जनमा समस्या हुन थालेको छ । विसं २०७२ देखि श्रीकृष्ण हस्तकला उद्योग दर्ता गरेर ठेकी व्यवसाय सुरु गर्नुभएका विकलाई हिजोआज ठेकी बिक्री हुन छाडेपछि समस्या हुन थालेको हो ।

परम्परागत रुपमा गाईभैँसी पाल्ने किसान घट्दै जाँदा र आधुनिक सामग्री प्रयोग गर्न थालेसँगै काठका ठेकीको व्यवसाय कम हुन थालेको भन्दै यो पेसाबाट जीविकोपार्जनमा समस्या हुन थालेको विकले बताउनुभयो । परम्परागत काठका ठेकी बनाउने पेसाबाटै आफ्ना बाबा र ठूलो दाइले परिवार सहज रुपमा चलाए पनि यहीँ पेसा आफूले गर्दा आम्दानी हुन नसकेको उहाँको भनाइ थियो ।

विकले बाबापछि दाजुले चलाएको र दाजुपछि त्यही कारखानामा आफूले काठका ठेकी बनाउँदै आएको बताउनुभयो । कुमालेको चक्र जस्तै घुम्ने बिजुलीको मेसिनमा बिहानदेखि साँझसम्म ठेकी बनाउने कारखानामा उहाँ व्यस्त हुनुहुन्छ ।

उहाँले ठेकी बनाउनका लागि जस्तापाताको छानाभित्र लडिरहेका काठका मुढालाई सुम्सुम्याउँदै कहिले यता र कहिले उता पल्टाउनुहुन्छ । कुन काठबाट कस्तो र कुन आकारको बनाउने भन्नेमा आफ्नो दिन बित्ने राजेन्द्रले बताउनुभयो । लामो फलामको छिनो, धारिलो टुप्पो अलिअलि कुप्रिएको त्यही छिनोले काठका मुढा कोट्याएर काठका ठेकी तयार गर्दै बिक्री गरेर आम्दानी हुने उहाँको भनाइ थियो ।

योबाहेक अन्य पेसा नभएकाले काठका सामग्री बिक्री नहुँदा परिवारको गुजारा चलाउनका लागि छिमेकीसँग सरसापट गर्दै आउनुपरेको विकले गुनासो गर्नुभयो । आफू एक्लैले दैनिक दुई/तीन वटासम्म ठेकी तयार गरे पनि ठेकीको माग नहुँदा, बजार अभावलगायत कारणले आम्दानी घटेको भन्दै पेसा नै छाड्ने अवस्था आउन लागेको उहाँले बताउनुभयो ।

विकले यसअघि विभिन्न देशमा काम गरेर स्वदेश फर्किनुभएको थियो । तीन/चार पटक विभिन्न देशमा पुगे पनि राम्रो आम्दानी प्रशस्त नभएपछि स्वदेश फर्किएको विकले बताउनुभयो । "सन् २००५ मा कतारमा दुई वर्ष काम गरेँ । महिनाको रु सात/आठ हजार मात्र कमाइ हुन्थ्यो । यहाँ गर्दै आएको काम छाडेर सन् २००९ मा साउदी गएँ र सन् २०१३ मा फर्किएँ", उहाँले भन्नुभयो ।

विकले विदेशमा मासिक रु २२ हजारसम्म कमाइ हुने गरेको बताउनुभयो । "न विदेशमा राम्रो कमाइ भयो, नत स्वदेशमा नै । आफूसहित परिवारमा श्रीमती र तीन छोरा गरी पाँचको परिवारको जीविकोपार्जनमा समस्या हुन थालेको छ", उहाँले भन्नुभयो ।

काठबाट थाल, कचौरा, पानी खानो करुवा, बत्ती बाल्ने दियो, काठका पाला, वाइन कप, ठेकीलगायत सबै सामग्री बनाउने गरेको विकको भनाइ थियो । उहाँका अनुसार रु चार सयदेखि १५ हजारसम्मको प्रति सामग्री तयार हुन्छ । गतवर्ष रु पाँच लाख बराबरको काठका सामग्री बिक्री गरेपनि घाटा भएको उहाँले बताउनुभयो ।

दुई जना मान्छे राखेर मासिक प्रतिव्यक्ति रु २० हजारका दरले पारिश्रमिक दिएर दुई महिना काम लगाउँदा आम्दानी हुन नोक्सानी भएको विकले बताउनुभयो । गत चैतैदसैँदेखि दोर्दी गाउँपालिकाले केही सामग्री खरिद गरेर लैजाने गरेको उहाँको भनाइ थियो । विकले गत मङ्सिरयतादेखि व्यवसाय नभएको भन्दै साउनदेखि कात्तिकसम्म केही मात्रा बिक्री भएको बताउनुभयो । व्यापार हुएको समयमा दैनिक रु पाँच सय भन्दाबढी बचत हुने उहाँको भनाइ थियो ।

# नेप्से परिसूचकमा सामान्य अंकको वृद्धि

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ ।

बुधबार नेप्से परिसूचक पाँच दशमलव ९१ अङ्कले बढेर दुई हजार ७६ दशमलव ५० बिन्दुमा कायम भएको हो ।

बुधबार शेयर बजारमा रू चार अर्ब २५ करोड २७ लाख २२ हजार आठ सय ९५ बराबरको कारोबार भएको छ । तीन सय दुई कम्पनीको एक करोड २३ लाख ६३ हजार २७ कित्ता शेयर ७४ हजार छ सय ७५ पटक खरिदबिक्री भएको हो ।

बैंकिङ समूहको उपसूचक शून्य दशमलव १८, होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १४, जलविद्युत् समूह शून्य दशमलव १३, लगानी समूह शून्य दशमलव २१, जीवन बीमा समूह शून्य दशमलव २७ र लगानी समूह शून्य दशमलव ३७ प्रतिशतले घटेको छ ।

बुधबार सबैभन्दा धेरै वित्त समूह छ दशमलव ५६ प्रतिशतले र विकास बैंक समूह दुई दशमलव ३८ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव १०, लघुवित्त शून्य दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ३४, निर्जीवन बीमा समूह शून्य दशमलव ४० र अन्य समूहको उपसूचक एक दशमलव ०७ प्रतिशतले बढेको छ ।

तीन कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल फाइनान्स लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र पाँचथर पावर कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने पिपुल्स पावर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ प्रतिशतले घटेको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा बुधबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू १७ करोड १७ लाख ६४ हजार आठ सय ८० बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने प्राइम कमर्सियल बैंक प्रमोटर शेयर आठ लाख आठ हजार पाँच सय २० बराबरको कारोबार भएको छ ।

# विद्यालयमा खेल पाठ्यक्रम लागू हुँदै

भक्तपुर । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङले सरकारले आगामी आर्थिक वर्षबाट राज्यको १६औँ योजनामा खेलकुदलाई समावेश गर्ने तयारी गरेको बताउनुभएको छ ।

बुधबार नेपाल सितेरियो सोबुकान कराते डो सङ्घअन्तर्गत मध्यपुर कराते एकेडेमीको चौथो वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा उहाँले सरकारले बजेटसहित १६औँ योजनामा खेलकुदलाई समावेश गर्ने तयारी गरेको बताउनुभएको हो ।

उहाले भन्नुभयो, "जबसम्म विद्यालय तहमा खेलकुदलाई अनिवार्य गरिँदैन तबसम्म ठूला अन्तर्राष्ट्रिय पदक जित्न गाह्रो छ, त्यसैले सरकारले आगामी वर्षदेखि विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अनिवार्य विषयका रुपमा समावेश गर्दै सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गर्ने गरी व्यवस्था गर्न गराउन परिषद् लागि रहेको छ, यसो हुन सके खेलकुदका ठूला प्रतियोगितामा देशले ठूला नतिजा हासिल गर्न सक्छ ।"

देशमा अब खेलेर पनि जीवन धान्न सकिने अवस्था आएको भन्दै उहाँले खेल र खेलाडीलाई व्यावसायिक बनाउन परिषद् लागि रहेको बताउनुभयो । सदस्य सचिव घिसिङले भन्नुभयो, "राज्यलाई पदक दिलाइ रहँदा खेलाडीले चाही के पाउने भन्ने सवाल उठिरहन्छ, अब खेलाडीले पनि पाउने व्यवस्था गरिएको छ, यसपाली मात्रै ओलम्पिकमा स्वर्ण पदक प्राप्त गर्ने खेलाडीलाई सरकारले रु एक करोड ३३ लाख नगद पुरस्कारको व्यवस्था गरेको छ, यस्ता पुरस्कारको व्यवस्था थप गर्दै लेगेको छ ।"

खेलाडीलाई बीमाको नीति नै नभएको हाम्रो देशमा राखेपकै पहलमा खेलकुद बीमाको व्यवस्था गरेको जनाउँदै उहाँले खेलकुद विज्ञान भएकाले व्यावसायिक प्रशिक्षक उत्पादन गर्दै व्यावसायिक खेलाडी उत्पादन गर्न खेलकुद ल्याव स्थापना गर्न लागि परेको चर्चा गर्नुभयो ।

उहाँले खेलकुदको विकास गर्न तीन तहकै सरकार सक्रिय हुनुपर्नेमा जोड दिँदै स्थानीय तहको सरकार जिम्मेवार भएर लाग्नुपर्ने र विद्यालय तहमा अनिवार्य खेलकुदको प्रशिक्षण लागू गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका पूर्वप्रमुख एवं मध्यपुर कराते एकेडेमीका संरक्षक मदनसुन्दर श्रेष्ठले ट्रलिबस कार्यालयको सब स्टेशनका रुपमा रहेको भवन प्रयोगविहीन रुपमा खेर गइरहेको अवस्थामा आफू नगर प्रमुख हुँदा सदुपयोग गर्दै करातेको एकेडेमी बनाउन सफल भएको बताउनुभयो ।

एकेडेमीका अध्यक्ष सजन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष रामसुन्दर श्रेष्ठलगायतले मध्यपुरमा फुटबलमा जस्तै करातेमा पनि खेलाडी उत्पादनमा सक्रिय रहेको बताउनुभयो ।

कार्यक्रममा सुरेश महर्जन र सुनिल श्रेष्ठलाई सम्मान गरिनाका साथै विभिन्न खेलाडीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

# नेपाली चिकित्सक र विद्यार्थीबारे अमेरिकी अदालतको आदेश

काठमाडौँ । नेपाली चिकित्सक परीक्षार्थीहरुमाथि अमेरिकाको युनाइटेड स्टेट मेडिकल लाइसेन्सिङ् एक्जामिनेसन (युएसएमएलइ) ले गरेको निर्णयका विरुद्धमा वासिङ्टन डिसीस्थित सङ्घीय अदालतले प्रश्न उठाउँदै बयानका लागि बोलाएको छ ।

अदालतले सो संस्थालाई फेब्रुअरी १८ भित्र बयानका लागि उपस्थित हुन आदेश दिएको हो । नेपाली चिकित्सक विद्यार्थीहरुका तर्फबाट नेपाली चिकित्सक परीक्षार्थीहरुको एक समूहले दायर गरेको मुद्दामा न्यायाधीश रुडोल्फ कोन्त्रेरसले सोमबार सो आदेश जारी गर्नुभएको अमेरिकास्थित एक चिकित्सकले सञ्चारकर्मीलाई जानकारी दिएका छन् ।

अमेरिकामा 'रेजिडेन्सी डाक्टर' बनेर काम गर्दै पढ्न आएका नेपाली डाक्टरहरुको नेपालको परीक्षा र नतिजाका बारेमा सो संस्थाले प्रश्न उठाउँदै उनीहरुलाई अयोग्य भएको निर्णय समेत गरेको थियो । सो निर्णयबाट अमेरिकामा सन् २०२२ यता काम गर्दै र पढ्दै गरेका चिकित्सकहरु समेत प्रभावित भएका थिए । यो निर्णयका विरुद्ध उनीहरुले उक्त अदालतमा मुद्दा दायर गरेका थिए । अदालतको यस आदेशले उनीहरुलाई केही राहत दिएको छ ।

अमेरिकाको 'नेसनल बोर्ड अफ मेडिकल लाइसेन्सिङ' लाई अदालतले नेपाली चिकित्सक परीक्षार्थीहरुलाई सो संस्थाले दिएको अन्तिम म्यादसमेत स्थगित गर्न आदेश जारी गरेको छ ।

युएसएमएलइ चिकित्सा शिक्षाको थप अध्ययनका लागि प्रवेश परीक्षा लिने चिकित्सा शिक्षा आयोगजस्तै नियामक निकाय हो । सो संस्थाले नेपालको मेडिकल परीक्षा प्रणालीप्रति प्रश्न उठाउँदै सो परीक्षा र त्यसबाट प्राप्त भएको नतिजालाई अमेरिकाले स्वीकार नगर्ने नीति जारी गरेको थियो ।

यो निर्णयले हाल अमेरिकामा अभ्यासमा रहेका, सन् २०२२ यता अमेरिका आएर 'रेजिडेन्सी' गरेका र एमडी गरिरहेका नेपाली डाक्टरहरुलाई प्रभावित पारेको थियो । उनीहरुको योग्यतामा प्रश्न उठ्दा यहाँ कार्यरत काम समेत छोड्नुपर्ने र अमेरिकामा बैधानिकरुपमा भइरहेको बसोबाससमेत छोडेर फर्किनुपर्ने बाध्यकारी अवस्था आएको थियो ।

# लगानी सम्मेलनमा सहभागी हुन लगानीकर्तालाई आह्वान

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा जलविद्युत, पर्यटन, कृषि तथा उत्पादन लगायतका क्षेत्रमा लगानी गर्न विश्वका लगानीकर्ताहरुलाई आह्वान गर्नुभएको छ ।

संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजित विश्व सरकार शिखर सम्मेलन (वर्ल्ड गभर्मेन्ट्स् समिट) मा नेपालको निजी क्षेत्रका तर्फबाट धारणा राख्दै अध्यक्ष ढकालले नेपालमा लगानीका प्रचुर सम्भावना रहेकाले विश्वका लगानीकर्ताहरुलाई यसबाट लाभ लिन आग्रह गर्नुभएको हो । "नेपालमा जलविद्युत, पर्यटन पूर्वाधारको विकास, कृषिको आधुनिकीकरण र उत्पादनमूलक क्षेत्रहरुमा लगानीका प्रचुर सम्भावना रहेकाले लगानीका लागि विश्वभरका लगानीकर्ताहरुलाई आह्वान गर्दछु ।" "नेपाल सरकारले यही अप्रिल २८-२९ मा आयोजना गर्न लागेको 'नेपाल लगानी शिखर सम्मेलन २०२४' लाई मध्यनजर गर्दै नेपालमा लगानीको अनुकूल वातावरण बनाउन केही ऐन-नियममा संशोधनको प्रक्रिया अगाडि बढाएको छ ।

प्रत्युष
National Daily राष्ट्रिय दैनिक

# माओवादी केन्द्रको विधान अधिवेशन जारी
## सुझाव संकलन सकियो, आज ७ समूहले पेस गर्ने

काठमाडौँ । नेकपा (माओवादी केन्द्र)को विधान अधिवेशनका क्रममा सुझाव सङ्कलन गर्नेक्रम आजका लागि सकिएको छ । विभिन्न २० समूहमध्ये बुधबार १३ समूहबाट सुझाव प्रस्तुत भएको छ ।

सुझाव पेस गर्ने क्रममा कञ्चन खनालले महाधिवेशन प्रतिनिधिहरु पार्टी समिति सदस्यबाट निर्वाचित भएर आउनुपर्ने र शहीद, बेपत्ता र घाइतेका सदस्यका प्रतिनिधिलाई महाधिवेशनमा पर्यवेक्षकका रुपमा राख्नुपर्ने सुझाव दिनुभयो । उहाँले पार्टीलाई छरितो एवं जनमैत्री बनाएर सबै क्षेत्र र समुदायलाई समेटेर लैजानुपर्नेमा जोड दिनुभयो ।

सरल सहयात्रीले प्रस्तावनालाई छरितो बनाउनुपर्ने, पार्टी र निर्वाचन चिह्न फेर्न सुझाव आएको उल्लेख गर्दै सङ्गठनात्मक सिद्धान्तलाई छोटो बनाउनुपर्ने र पार्टी सदस्य दिँदा सरल बनाउनुपर्ने बताउनुभयो । उहाँले निर्वाचन, लेखा र अनुशासनलाई थप अधिकार दिनुपर्ने र महाधिवेशनको मिति स्पष्टरुपमा तोकिनुपर्ने सुझाव रहेको उल्लेख गर्नुभयो ।

युवराज चौलागाईंले प्रत्यक्ष निर्वाचनमा पार्टी समितिलाई लैजानुपर्ने सुझाव पेस गर्दै पार्टीको स्थायी समिति सदस्य विधानमा उल्लेख गर्न नपर्ने बताउनुभयो । उहाँले पार्टीभित्र मात्र नभई सबै तहका सार्वजनिक पदको उम्मेदवार पार्टी सदस्यबाट तय गर्नुपर्ने सुझाव पेस गर्नुभयो ।

मङ्गलबारदेखि काठमाडौँको कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा सुरु भएको अधिवेशनमा सहभागीलाई विभिन्न २० समूहमा विभाजन गरिएको थियो । आज सात समूहले सुझाव पेस गर्ने कार्यक्रम छ । बैठक आज बिहान ११ बजे पुनःबस्नेछ ।

# विद्यार्थीले देशको हितमा खोज गर्नुपर्छ : उपराष्ट्रपति

काठमाडौँ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले दक्षता, सीप र कौशलमा प्राज्ञ उत्कृष्टता हासिल गर्दै विद्यार्थीले समुदाय, समाज र देशको हितमा खोज गर्दै अघि बढ्नुपर्ने बताउनुभएको छ । मुलुकको सुनौलो भविष्य निर्माण गर्न शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको उहाँले उल्लेख गर्नुभयो ।

वसन्त पञ्चमी तथा सरस्वती पूजाका अवसरमा आज नेपाल तराई विद्यार्थी नवजागरण सङ्घले पुल्चोक इन्जिनियरिङ क्याम्पसमा आयोजना गरेको सरस्वती पूजा कार्यक्रममा उपराष्ट्रपति यादवले नेपालको सन्दर्भमा इन्जिनियरिङ शिक्षाको महत्व र उपादेयता अझै बढी रहेको बताउनुभयो । शिक्षासँगै अटल समर्पण, त्याग र तपस्या पनि उत्तिकै आवश्यक भएको उहाँको भनाइ थियो ।

उपराष्ट्रपति यादवले विकासोन्मुख मुलुकले भोग्दै आएका गरिबी, अशिक्षा, पूर्वाधार विकास र वातावरणीय दिगोपनजस्ता समस्याबाट नेपाल पनि टाढा नरहेको बताउनुभयो ।

"यी समस्याको निराकरण र निवारण गर्न इन्जिनियरको भूमिका अहम् छ । तपाईंहरु यथास्थितिलाई चिर्दै सबैखाले चुनौती र समस्याको समाधान गर्न अग्रपङ्क्तिमा हुनुपर्दछ", उहाँले भन्नुभयो ।

वसन्त पञ्चमी तथा सरस्वती पूजाले सम्पूर्ण विद्यार्थीमा आपसी मेलमिलाप, भाइचारा, सदाचार, मैत्रीभाव र बन्धुत्वभावका साथ समाज तथा देशको सेवाका लागि दत्तचित्त भई सदैव अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भनी उपराष्ट्रपति यादवले कामना गर्नुभयो ।

# विशेष क्षमताका विद्यार्थीका लागि विद्यालय

काठमाडौँ । नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त सैनिकका विशेष क्षमता भएका सन्ततीलाई शिक्षा तथा जीवनोपयोगी सीप सिकाउने उद्देश्यले छाउनीमा वरदान सैनिक विशेष दिवा विद्यालय निर्माण गरिएको छ ।

सैनिक श्रीमती सङ्घको पहलतामा सैनिक कल्याणकारी कोषको लगानीमा निर्मित उक्त विद्यालयमा आगामी शैक्षिक सत्रबाट ३० जना बालबालिका भर्ना गरी पठनपाठन आरम्भ गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

प्रधानसेनापति प्रभुराम शर्मा र सैनिक श्रीमती सङ्घकी अध्यक्ष श्रीमती सुनिता शर्माले उद्घाटन गर्नुभएको उक्त विद्यालय करिब १५ महिनाअघि शिलान्यास गरिएको थियो ।

भवन समुद्घाटन समारोहमा प्रधानसेनापति शर्माले बहालवाला र अवकाशप्राप्त सैनिक व्यक्तिका विशेष क्षमता भएका सन्ततिको शिक्षा र जीवनोपयोगी क्षमता विकासमा विद्यालय महत्वपूर्ण सावित हुने बताउनुभयो ।

उहाँले विद्यालय सञ्चालनका लागि सहायता जुटाउन आयोजित वरदान सुरसन्ध्यामा सहयोग पुऱ्याउने कलाकारलगायत सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

सङ्घकी अध्यक्ष शर्माले विसं २०४० कात्तिक २२ गते स्थापित सैनिक श्रीमती सङ्घ सैनिक व्यक्तिका परिवारको कल्याण सँगसँगै विपद् प्रभावित र अभावमा रहेका सर्वसाधारणको हितका क्षेत्रमा समेत क्रियाशील रहँदै आएको बताउनुभयो ।

# विकासमा उद्योगी र व्यवसायीको योगदान महत्वपूर्ण

गण्डकी । मुलुकको अर्थतन्त्रको विकासमा उद्योगी, व्यवसायीको योगदान महत्वपूर्ण रहेकोमा सरोकारवालाले जोड दिएका छन् । पोखरा औद्योगिक क्षेत्र उद्योग सङ्घको बुधबार पोखरामा आयोजित ३१औँ वार्षिक साधारणसभामा सहभागी सरोकारवालाले निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै राष्ट्रको समृद्धि हासिल गर्न सकिने धारणा राख्नुभयो ।

पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्तले उद्योगी, व्यवसायी विना राज्यको अर्थतन्त्र बलियो हुन नसक्ने बताउँदै उद्योगी, व्यवसायी सबल र सक्षम हुनुपर्नेमा जोड दिनुभयो । उद्योगी, व्यवसायी पूजनीय व्यक्ति भएको उल्लेख गर्दै उहाँले विविध घटनाक्रमले उनीहरुलाई असर गरिरहेको पनि समस्याका बीच पनि व्यवसायलाई थेगिरहेको बताउनुभयो ।

सम्पत्ति करको विषयलाई लिएर व्यवसायी मर्कामा परेको विषयमा आफू ज्ञात रहेको र यसका सम्बन्धमा पोखरा महानगरपालिका प्रमुखसँग छलफल गरिने बताउनुभयो ।

गण्डकी प्रदेशका उद्योग सचिव कुमानसिंह गुरुङले उद्योगीका समस्याबारे आफूहरु जानकार रहेको बताउँदै मन्त्रालयबाट 'रेफ्री'को काम हुनेमा ढुक्क हुन आग्रह गर्नुभयो । मन्त्रालयले सहजीकरण गर्ने बताउँदै उहाँले प्राप्त सुझावलाई कार्यान्वयनको चरणमा लैजान तत्पर रहेको बताउनुभयो ।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवन प्रजापतिले अहिलेको समयमा उद्योग सञ्चालन गर्न सजिलो नभएको बताउनुभयो । नेपाल औद्योगिक क्षेत्र उद्योग महासङ्घका अध्यक्ष रामहीरा पाठकले राज्यका निकायको व्यवहार उद्योगी तथा व्यवसायी अनुकुल नभएको प्रतिक्रिया दिनुभयो ।

सङ्घका अध्यक्ष रुद्रलाल श्रेष्ठको पहलमा २०३१ सालमा स्थापना भएको पोखरा औद्योगिक क्षेत्रमा हाल विभिन्न सङ्घ, संस्था गरेर ८२ वटा छन् । जसमा ७६ वटा उद्योगमध्ये ७४ वटा सञ्चालनमा रहेका र दुई बन्द भएको उहाँले बताउनुभयो । उहाँले औद्योगिक क्षेत्रमा तीन हजार जनाले रोजगारी पाएको समेत उल्लेख गर्नुभयो ।

सङ्घले क्षेत्रभित्र फोहर व्यवस्थापन, पक्की बाटो निर्माण, क्लिनिक तथा दिवा शिशु स्याहार केन्द्र सञ्चालन गरिएको जनाएको छ ।

कार्यक्रममा उद्योग परिसङ्घ गण्डकीका अध्यक्ष विनोद शर्मा न्यौपाने, सङ्घका महासचिव फणीन्द्र शर्मालगायतले सरकारको उद्योगमैत्री नीति आवश्यक भएको बताउनुभयो ।

साधारणसभा पूर्वसङ्घको सचिवालय भवनको शिलान्यास गरिएको थियो । शिलान्यास औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्तले गर्नुभयो । सो भवन रु एक करोड ५० लाख लागतमा निर्माण हुने सो अवसरमा जानकारी गराइयो ।

# आन्तरिक लोकतन्त्र र नियमको पालना हुनुपर्छ : थपलिया

काठमाडौँ । निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सुशासन कायम गर्नका लागि राजनीतिक दलभित्र सुशासन कायम हुन जरुरी भएको बताउनुभएको छ । राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिको बुधबारको बैठकमा उहाँले अहिले उठिरहेका असन्तुष्टिका स्वर र कतिपय विषयवस्तु राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्रसँग जोडिएर सार्वजनिक भएको प्रतिक्रिया दिनुभयो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, "राजनीतिक दलको आन्तरिक लोकतन्त्र व्यवस्थित गर्न र नियमको पालना हुन नसक्दा दलसम्बन्धी उजुरी, गुनासो तथा मुद्दा मामिला आयोग र न्यायिक निकायमा क्रमशः बढ्दै गएको छ ।"

मतदाता सार्वभौम सम्पन्न भएको र निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारबाट मतदाताको मत खरिद वा बिक्री हुन्छ भन्ने कल्पनासम्म गर्न सकिन्न भन्दै प्रमुख आयुक्त थपलियाले मतदाता पैसामा बिक्री हुने वस्तु हो र ? भन्दै प्रतिप्रश्न गर्नुभयो । निर्वाचन प्रणाली आफैँमा सस्तो र महँगो नहुने हुँदा प्रणालीबारे आयोगको कुनै टीकाटिप्पणी नहरने उहाँको भनाइ थियो । मुलुकलाई समृद्ध र लोकतन्त्रलाई सुदृढ तुल्याउने जिम्मेवारीमा रहेका दलका कार्यकर्ता र उम्मेदवारहरुले निर्वाचनमा मरेका मानिसका नाममा मतदान गर्न प्रेरित गर्छन् भन्नेमा विश्वास गर्न नसकिने बताउनुभयो ।

राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक महिला हुनुपर्छ भन्ने आयोगको चाहना रहेको बताउँदै प्रमुख थपलियाले लोकतान्त्रिक व्यवस्थाको निर्वाचनमा जाँदा राजनीतिक दलले आफ्ना एजेण्डा लिएर मतदातामा जानुपर्ने बताउनुभयो ।

यसअघि बैठकमा सदस्यले पछिल्लो राष्ट्रपति निर्वाचनका अघिल्लो नजिरलाई बेवास्ता गरिएकाले गलत अभ्यास भएको प्रतिक्रिया दिनुभयो ।

निर्वाचनको मतपरिणाम विश्लेषणबाट अल्पमतले शासन गर्ने परिस्थिति बनेको बनाउँदै उहाँहरुले लोकतन्त्रमा व्यक्ति होइन, दलबीच प्रतिस्पर्धा हुने निर्वाचन प्रणाली उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो । कतिपय सांसदले हालको निर्वाचन प्रणालीमा सुधार गरी कम खर्चिलो र सहज तुल्याउन आवश्यक रहेको सुझाव दिँदै उहाँहरुले दलहरुले आयोगसमक्ष प्रस्तुत गर्ने खर्चको परिमाण यथार्थपरक नरहेको टिप्पणी गर्नुभयो ।

निर्वाचन योगदान, निष्ठा, सिद्धान्त र मन जित्न हुनुपर्नेमा पैसा र प्रभावका आधारमा नतिजा उल्टाउने भएको बताउँदै सदस्यले संविधानको मर्मअनुसार अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चिता गर्नेतर्फ अघि बढ्न आवश्यक रहेको धारणा राख्नुभयो ।

# रासस पत्रकारिता पुरस्कार घिमिरे, सदरुल र दरैलाई

काठमाडौँ । नेपाल पत्रकार महासङ्घ रासस प्रतिष्ठान शाखाले यसवर्षको 'रासस पत्रकारिता पुरस्कार' रासस केन्द्रीय कार्यालयका अङ्ग्रेजी समाचार शाखाका वरिष्ठ सम्पादक नारायणप्रसाद घिमिरे र रासस कोशी प्रदेश कार्यालयका प्रमुख मोहम्मद सदरुललाई प्रदान गर्ने निर्णय गरेको छ ।

महासङ्घको गत माघ २९ गतेको कार्यसमिति बैठकले उहाँहरुलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठान शाखाका सचिव छविलाल कुमालले जानकारी दिनुभयो । सो पुरस्कारको राशि जनही रु १० हजार रहेको छ । यसैगरी, 'उमाकान्त-गीतादेवी-स्मृति पुरस्कार' डुम्रे (तनहुँ) समाचारदाता मिला दरैलाई प्रदान गर्ने निर्णय गरिएको छ । पुरस्कारको राशि रु पाँच हजार रहेको छ । लुम्बिनी प्रदेश कार्यालय दाङका उपसमाचारदाता नारायणी रजौरेले आफ्ना, माता, पिता र भाइको सम्झनामा २०६६ फागुन ७ गते पुरस्कार स्थापना गर्नुभएको हो ।


## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :२०८०/११/०३

यस त्रिपुरासुन्दरी गाउँपालिकाबाट मिति २०८०/०९/२४ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का नं TRM/W/NCB/IFB-05/R/080-081,TRM/W/NCB/IFB-06/R/080-081,TRM/W/NCB/IFB-07/R/080-081(M$0M$ Thulobesi MulpaniMurchok Sadak Sstarunnati,Tripurasundari-3,Dhading, Diyali Shwara Aaginchowk Sadak Dhalan, Tripurasundari-6,Dhading, Wada Karyalaya Lame Ghimire Sunpokhari Aalthok Nagarkoti Gaun Sadak Sstarunnati, Tripurasundari-5,Dhading को लागि बोलपत्रको सूचना प्रकाशित भई उक्त कार्यका लागि पेश हुन आएका तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने क्रममा रहेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४ (क) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | प्रस्तावपत्रदाताको नाम | कबोल रकम VAT and PS रु. |
|---|---|---|---|---|
| 1 | TRM/W/NCB/IFB-05/R/080-081 | Thulobesi Mulpani Murchok Sadak Sstarunnati, Tripurasundari-3,Dhading | Chakradevi Builders, Tripurasundari-6,dhading | 66,02,328.09 |
| 2 | TRM/W/NCB/IFB-06/R/080-081 | DiyaliShwara Aaginchowk Sadak Dhalan, Tripurasundari-6,Dhading | Chakradevi Builders, Tripurasundari-6,dhading | 65,89,810.23 |
| 3 | TRM/W/NCB/IFB-07/R/080-081 | Wada Karyalaya Lame Ghimire Sunpokhari Aalthok Nagarkoti GaunSadak Sstarunnati,Tripurasundari-5, Dhading | Ba.su.Cons.,Likhu-1,likhu | 62,92,050.35(with 8% additional discount) |

बोधार्थ : (प्रतिस्पर्धामा आउने बोलपत्रदाताहरु)

प्रमुख प्रशासकीय अधिकृत


प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com